**Tribhuvan University Journal**
**Vol. 36, No. 1: 225-243, June, 2021**
**Research Directorate, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v36i01.43630

# समसामयिक नेपाली कवितामा सीमान्तीयको सशक्तीकरण

***राजेन्द्र खनाल***

*उपप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर*

*इमेलः sauravabhirk@gmail.com*

## लेखसार

यस लेखको मुख्य उद्देश्य सीमान्तीयको अग्रभूमीकरण गरिएका समसामयिक नेपाली कविताको विश्लेषण गर्नु रहेको छ। यस लेखमा समसामयिक समयका प्रतिनिधि कवितासङ्ग्रहका कवितामा विषयवस्तु तथा वैचारिक पक्षसहित सीमान्तीय समुदाय तथा वर्गलाई प्राधान्य दिएका कविता निर्क्योल गरी उदाहरणसहित विश्लेषण गरिएको छ । यो लेख वर्णनात्मक विधिमा आधारित छ । प्रस्तुत लेखलाई आगमनात्मक विश्लेषण प्रक्रियाको उपयोग गरी सन्दर्भपरक उदाहरणबाट तथ्यपरक बनाइएको छ । यस लेखमा पुस्तकालयीय अध्ययन प्रक्रियाबाट तथ्य सङ्कलन गरिएको छ । यस अध्ययनमा सीमान्तीय पक्षमा केन्द्रित रही तिनको सशक्तीकरण गरिएका उत्तरवर्ती समयका कविता प्राथमिक स्रोतीय सामग्री बनेका छन् । यस अध्ययनबाट नेपाली समाजले परम्परादेखि नै मूलतः जातीय तथा लैङ्गिक आधारमा विभेद गरी सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक आदि क्षेत्रमा विभेद गर्दै पहुँचमा पुग्न नदिई सीमान्तीय बनाइएको विषय एवम् विचार उत्तरवर्ती नेपाली कवितामा अभिव्यक्त भएको पाइएको छ । प्रस्तुत अध्ययनबाट उत्तरवर्ती नेपाली कवितामा सीमान्तीयको अवस्था उद्घाटन गर्दै त्यस्ता समुदायलाई मूल धारमा ल्याउन सक्नुपर्ने, विवेकसम्मत तवरबाट सहभाव व्यक्त गर्नुपर्ने र सबै क्षेत्रमा प्राधान्य दिनुपर्ने विचारसहित सीमान्तीय वर्ग तथा समुदायको अग्रभूमीकरण गरिएको निष्कर्ष प्राप्त भएको छ ।

**शब्दकुञ्जीः** सीमान्तीय - सशक्तीकरण - श्रमशोषण - अछुत - जीविकोपार्जन ।

## विषयपरिचय

कविताले जीवनजगत्‌को रागात्मक पक्षलाई अभिव्यक्त गर्दछ । अभिव्यक्तिका क्रममा यो लयात्मक रूपमा प्रकट हुन्छ । कविता भावनात्मक वा बौद्धिक कथ्यको पद्यलयात्मक संरचना हो (श्रेष्ठ र शर्मा २०५६) । त्यसैले कविता ललितकलाअन्तर्गतको साहित्यका विधाहरूमध्येको भाषाका माध्यमबाट लयात्मक रूपमा जीवन-जगत्‌को भावात्मक अभिव्यक्ति दिने विधा हो । कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा

लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक साहित्यिक कृति कविता हो (उप्रेती र अन्य २०७५) । विश्वसाहित्यका सबै विधाजस्तै नेपाली कविताको विकासप्रक्रिया पनि गतिशील देखिन्छ । नेपाली कवितामा प्राथमिक काल, माध्यमिक काल तथा आधुनिक कालको तुलनात्मक हिसाबले स्थिर काल तथा निश्चित प्रवृत्तिहरू भएजस्तो समसामयिक चरणलाई स्थिर र निश्चित मान्न भने सकिँदैन । शर्माले व्यापक अर्थमा समकालीन शब्द भूत तथा अभूत दुवै कालमा उपयोग गर्न सकिने भए पनि विशिष्ट अर्थमा 'चालु वर्तमानसँग सम्बद्ध आज र अहिलेका गद्यात्मक र पद्यात्मक रचनाहरूको समुच्चय सकालीन साहित्य हो (२०५५)' भनेका छन् । शर्माले समकालीनतालाई परिवर्तनसँग आबद्ध ठहर्‍याउँदै वर्तमान समयका अभिलक्षण आत्मसात् गर्न नसकेका रचना वर्तमानमा लेखिएका भए पनि तिनलाई समकालीन मान्न नसकिने मान्यता प्रस्तुत गरेका छन् । तसर्थ समकालीन भन्नाले वर्तमानको समयलाई बुझ्नुपर्दछ भने समकालीन प्रवृत्तिले चलिरहेको समयसँग सम्बद्ध समाज, परिवेश, जीवनशैली तथा विचारको प्रतिबिम्बन गर्न सक्ने प्रवृत्तिलाई सङ्केत गर्दछ ।

उत्तरवर्ती कविताहरूमा उत्तरआधुनिकताको प्रभाव देखिन्छ । यस्ता कवितामा बिर्सिएका र टाढाका, सधैं गौण भएकाहरू, हेपिएकाहरू पनि यहाँ केन्द्रक तत्त्व भएर आउँछन् । पहुँचमा नपुगेका वा पुग्नबाट वञ्चित व्यक्ति तथा समुदाय र आर्थिक हिसाबले पिछडिएका व्यक्ति तथा समुदाय नै सीमान्तीय समुदाय बनेका हुन्छन् । आफ्नो भाषालाई प्रयोग गर्न नपाएका व्यक्ति तथा समुदाय एवम् लैङ्गिक एवम् यौनिक दृष्टिले सामाजिक उपेक्षामा पारिएका व्यक्ति तथा समुदाय पनि सीमान्तीय नै हुन् । त्यस्तै जातीय, धार्मिक एवम् भौगोलिक हिसाबले पछाडि पारिएका व्यक्ति तथा समुदाय र परम्परित सामाजिक संरचनाले महत्त्व नदिएका व्यक्ति तथा समुदाय पनि सीमान्तीयअन्तर्गत नै पर्दछन् । यस लेखमा नेपाली कवितामा उतारिएका त्यस्ता सीमान्तीय वर्ग वा समुदायका वास्तविकता निर्क्योल गरी तिनलाई मूलप्रवाहीकरणतर्फको यात्रामा अभिमुख तुल्याएका सन्दर्भ उल्लेख गरी तथ्यपरक विश्लेषण गरिएको छ ।

## अध्ययनको उद्देश्य

समसामयिक नेपाली कवितामा सीमान्तीयताको वास्तवितकता उद्घाटन गर्दै सीमान्तीय व्यक्ति, समुदाय तथा वर्गको सशक्तीकरणमा केन्द्रित कविताहरू पहिचान गरी तिनको सोदाहरण विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखमा वर्णनात्मक विधि उपयोग गरिएको छ । यस लेखमा पुस्तकालयीय अध्ययन प्रक्रियाबाट तथ्य सङ्कलन गरिएको छ । उत्तरवर्ती समयमा सीमान्तीय व्यक्ति, समुदाय वा वर्गका वास्तविकतासहित तिनको सशक्तीकरण गरी लेखिएका कविता यस अध्ययनका प्राथमिक स्रोत बनेका छन् । सीमान्तीयता र सशक्तीकरणको परिचयात्मक

प्रस्ततुतिका लागि विभिन्न सैद्धान्तिक ग्रन्थहरू र सम्बद्ध लेखहरूलाई आधार बनाइएको छ। प्रस्तुत अध्ययनमा २०४६ सालदेखि २०७६ सालसम्ममा नेपालमा प्रकाशित नेपाली फुटकर कविता सङ्ग्रहभित्रका सीमान्तीय व्यक्ति, वर्ग तथा समुदायका विविध पक्षमा केन्द्रित कवितालाई नमुनाका रूपमा लिइएको छ। सीमान्तीय बनाइएका विभिन्न जात, भाषा, भूगोल, लिङ्ग तथा वर्ग आदिलाई प्रमुख विषय बनाई लेखिएका कवितालाई उदाहरणसहित प्रस्तुत गर्दै गहन विश्लेषण गरिएको छ। यसका साथै सीमान्तीय बनाएका पक्षको सशक्तीकरणमा आवाज उठाएका रचनालाई प्राधान्य दिइएको छ। विश्लेषणका क्रममा सशक्तीकरणलाई मूलप्रवाहीकरण पनि भनी पर्यायवाची तरिकाले प्रयोग गरिएको छ।

## सीमान्तीयता

राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा आर्थिक अवसरबाट वञ्चित गरिएका व्यक्ति, समुदाय तथा वर्ग नै सीमान्तीय हुन्। सीमान्तीय व्यक्ति वा समुदायअन्तर्गत निम्न विशेषता वा प्रकृति भएका मानिसहरू पर्दछन् : यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, सांस्कृतिक तथा जातीय विभेदमा परेका, शारीरिक तथा मानसिक एवम् बौद्धिक विशेष क्षमता (कम क्षमता भएका) व्यक्ति, विशेष क्षमता भएका, घरबारविहीन र गरिबीले पिल्सिएका व्यक्ति तथा समुदाय। यसरी सीमान्तीय भनेका समाजको स्थापित संरचनाले मूल धारभन्दा बाहिर पारेका व्यक्ति तथा समुदाय हुन् भन्ने स्पष्ट हुन्छ। परम्परादेखि हालसम्मका सबै सामाजिक संरचनाको अध्ययन गर्दा शक्तिमा पुग्न नसकेकाहरू नै सीमान्तीय बनेका हुन् अर्थात् शक्तिहीन व्यक्ति, वर्ग तथा समुदाय नै सीमान्तकृत बनाइएका हुन्। यस्ता सीमान्तीयका यथार्थ जीवनलाई साहित्यद्वारा प्रकाश पार्दै तिनको मूलप्रवाहीकरणतर्फ लगाउनमा उत्तरवर्ती समयका स्रष्टा बढी संवेदनशील बनेका छन्।

परम्परागत सिर्जना तथा इतिहास सीमान्तीयका पक्षमा लेखिएका छैनन्। त्यसको कारण शक्तिकेन्द्रित लेखन हो। कोइराला (२०६८) ले सीमान्तीयताका सम्बन्धमा शक्तिमा रहेका समुदाय तथा व्यक्तितर्फ नै फर्किएर सामाजिक संरचना तथा इतिहास सिर्जना भएको जनाएका छन्। तसर्थ लेखिएका इतिहास पनि यथार्थ नभई शक्तिकेन्द्रित नै हुन् भन्ने मान्यता उत्तरआधुनिकतावादले राखेको पाइन्छ। इतिहासलेखनमा सीमान्तीय वर्गलाई उपेक्षा गर्दै उच्च वा सम्भ्रान्तीय शासक वर्गको मात्रै इतिहास लेखन गर्छ भन्ने मान्यता सवाल्टर्न स्टडिजको रहेको छ। यस सन्दर्भमा "सबाल्टर्न (निमुखा) भन्नाले त्यो समूहलाई बुझाउँछ, जुन समाजको स्थापित संरचनाबाट बहिष्कृत हुन्छ, जसको राजनीतिक प्रतिनिधित्व हुँदैन, जसको आवाजको प्रतिनिधित्व हुँदैन" भट्टराई (२०६९) भन्छन्।यसले पनि स्पष्ट हुन्छ कि सीमान्तीयहरूलाई स्थापित सामाजिक संरचनाभन्दा बाहिर राखिन्छ र उनीहरूलाई आफूलगायत कसैको पनि प्रतिनिधित्वको अवसर दिइँदैन अनि उनीहरूका भनाइहरूको पनि स्थापित संरचनाभित्र कुनै स्थान दिइँदैन। अर्थ, संस्कृति, समाज, शिक्षा,

कला, राजनीति आदि सबै क्षेत्रमा त्यस्ता व्यक्ति, वर्ग समुदायले कुनै अवसर पाउँदैनन् । आवाज नभएको वा बोल्नै नदिइएको वा आफैँ पनि नबोल्ने सीमान्तीय समुदाय या वर्ग सधैँ मौन रहन्छ वा मौन रहन बाध्य तुल्याइन्छ । यस सवालमा गायत्री स्पिभाकलाई उद्धृत गर्दै वसन्त बस्नेत लेख्छन् - "सबाल्टर्नहरू उनीहरूको पोजिसनलाई सकार्छन्, विद्रोह गर्ने तिनीहरूको हुती हुँदैन किनकि उनीहरूलाई अभिशप्त जीवनबाट बाहिर निस्केर प्रतिरोध गर्नुपर्छ /गर्न सकिन्छ भन्ने थाहै हुँदैन (बस्नेत २०६९) ।" आफ्नो अभिशप्त अवस्थामा सुधार ल्याउन विद्रोहको आवश्यकताको बोधसमेत उनीहरूमा हुँदैन । यसका साथै शक्तिमा आधारित सामाजिक संरचनाका कारणबाट सीमान्तीयहरू विमुख बनाइएका हुन् । सदियौँदेखि शासकीय प्रभुत्वमा अधीनस्थ सबाल्टर्न वर्ग समाजको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक हरेक क्षेत्रमा सधैँ सक्रिय रहे पनि आवाजविहीन र इतिहासविहीन बन्न बाध्य छ । दमनकारी शक्तिको प्रयोगबाट सबाल्टर्न वर्ग शक्तिको स्रोत भएर पनि शक्तिविहीन बनाइँदै आएको देखिन्छ (श्रेष्ठ २०६८) । यसले सीमान्तकृत वर्गमाथि आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक आदि प्रत्येक क्षेत्रमा दमन गरेकै कारण उनीहरू ज्ञान र शक्तिबाट विमुख बनाइएका हुन्छन् भन्ने स्पष्ट हुन्छ ।

शरणार्थीका रूपमा सीमान्तीय बनाइएका व्यक्तिहरूको चर्चा गर्ने क्रममा मेहर (२०१२) ले सीमान्तीयको परिचयलाई यसरी प्रस्तुत गरेका छन् : सीमान्तीयहरू आवाजविहीन हुन्छन् वा उनीहरूको आवाजलाई सुनिँदैन । सीमान्तीयहरूको आफ्नो इतिहास हुँदैन । सम्भ्रान्त वर्गकै इतिहासको पुनः अध्ययनबाट उनीहरूको इतिहास खोज्नु पर्छ । प्रभुत्वशाली शक्तिको प्रयोग गर्ने कार्यबाट सीमान्तीकृतहरू विमुख हुन्छन् । सीमान्तीयले उच्च वर्गीय दमनको विरोध गर्छ । यहाँ उल्लेख गर्न खोजिएको विषय इतिहास अभिजात वर्गको हुन्छ र त्यही इतिहासको पुनर्अध्ययन तथा खोजबाट सीमान्तकृत वर्गको इतिहास पहिल्याउन सकिन्छ र उच्च वर्गको इतिहासले सीमान्तीकृतको इतिहासलाई छोपेजस्तै अवसर, अधिकार, ज्ञान र शक्तिलाई पनि छोपेको हुन्छ भन्नु हो । यस सन्दर्भमा स्मिथ (२०१०) द्वारा प्रस्तुत सीमान्तीकृत वर्गको पहिचान, ग्राम्सीका कार्य र धारणा, प्रभुत्व र त्यसको पहिचान तथा प्रयोगका विषयमा धारणा निक्कै उपयोगी देखिन्छ - "राजनीतिक शब्द सीमान्तीयताले ग्राम्सीका धारणामा समाजका मानिसहरूको त्यस्तो समूहलाई जनाउँछ, जोसँग स्वतन्त्र राजनीतिक शक्तिको अभाव हुन्छ । ग्राम्सीका समयमा यस्ता समूहहरू सहजै परिचित थिए र सीमान्तीयताको धारणाको नजिक धेरै काम गर्ने किसान र सर्वहाराको समूह थियो । ग्राम्सीले विभिन्न धर्म, संस्कृतिका आधारमा समाजको सीमान्त रेखाभन्दा तल परेका मानिसहरूलाई समावेश र तुलना गर्दै सीमान्तीकृतहरूको पक्षमा बहस गरेका छन् । ग्राम्सीको यस कार्यलाई देखेर पनि नदेखेजस्तो गरियो किनभने धेरै लेखकहरूले उनको राजनीतिक सिद्धान्तप्रति आकर्षित भएर पुँजीवादमा संरचनात्मक प्रणालीका रूपमा समयसँगै शासक बनेका कुराको विश्लेषणमा रुचि राख्थे । इतिहासको सङ्गठित समूह र सङ्गठित

सङ्घर्षमा ध्यान केन्द्रित गरिएको छ । त्यस कारण गोराहरू र पुरुष उन्मुख संस्थामा शक्ति केन्द्रित भएको कुरामा जोड दिइएको छ । तर ग्राम्सीको तर्कअनुसार प्रभुत्व यस तहमा मात्र अस्तित्वमा छैन । यसभन्दा बढी हरदिन मानिसको विचार, विश्वास, कार्यका र सङ्गठित समूहको अंशको रूपमा आफैँलाई देख्न नसक्ने गरी तलबाट आउँछ । ग्राम्सी व्यक्तिगत तहबाट सञ्चालित प्रभुत्वका बारेमा धेरै सचेत थिए । पुँजीवादी प्रभुत्वको पहिचान आफ्नो समाजको पुरै पहिचानविना सम्भव थिएन, छैन (स्मिथ २०१०) ।" उनका दृष्टिमा ग्राम्सीले तत्कालीन किसान तथा सर्वहाराकै लागि सीमान्तीयता शब्दको प्रयोग गरेका थिए । उनले समाजमा पछि पारिएकाहरूको पक्षमा आफ्नो आवाजलाई शक्तिशाली लेखनका माध्यमबाट प्रस्तुत गरेका थिए तर शक्तिका पुजारीहरूले एवम् शासक वर्ग र तिनका पक्षपोषकहरू उक्त विचारलाई नकारात्मक किसिमले अर्थ्याएका थिए ।

सीमान्तीयका सवालमा जातीय सीमान्तकृतको विषयलाई चर्चा गर्दै र भारतीय नेपालीहरूले भोग्नुपरिरहेका जातीय उत्पीडनका विषयलाई  सूक्ष्म किसिमले सुब्बा (२००८) ले लेखेका छन्- "विश्वमा यस्ता (भारतीय नेपाली) कैयौँ जातिहरू छन् जो हामीजस्तै आफ्नै देशभित्र उपनिवेशित भएर, किनारिएर, अस्वीकारिएर आ-आफ्ना चिनारीका निम्ति सङ्घर्षरत छन् ।" भारतका विभिन्न राज्यहरूमा बसोबास भएका भारतीय नेपालीहरू अल्पसङ्ख्यक जातिका भएकै कारण सीमान्तीय भएर जीवन बाँच्न बाध्य हुनुपरेको सन्दर्भलाई सुब्बाले प्रभावकारी रूपमा उठाएका छन् । उनी अगाडि लेख्छन्- "दमित जातिको संस्कृति पनि राष्ट्रिय मञ्चमा देखिनबाट वञ्चित सधैँ ओझेलमा परिरहन्छ । यसको मूल मान्यतालाई महत्त्वै दिइँदैन । सांस्कृतिक मूलधारको इन्द्रेणीमा एक धर्सा छुट्टै रङ भएर सामेल हुन पाउँदैन यसले । ....संस्कृतिले जातिको अनुहार बोक्ने भएकाले प्रभुत्ववादीहरू त्यस अनुहारलाई मेट्ने या त ओझेलमा पारिराख्ने अनेक तरकीबहरू अपनाउँछन् (सुब्बा २००८) ।" कमजोर वा अल्पसङ्ख्यक जातिले दमित भएर बस्नैपर्ने अवस्थाको सिर्जना गर्ने कार्यमा उच्च वा बहुसङ्ख्यक जाति क्रियाशील रहने भएकाले अल्पसङ्ख्यक जातिको संस्कृतिलाई राष्ट्रिय संस्कृतिमा समावेश गरिएको पाइँदैन । यसका साथै बहुसङ्ख्यक वा उच्च जातका शासकहरूको ध्येय नै अल्पसङ्ख्यक तथा जातीय आधारलगायत विभिन्न आधारमा सिर्जित सीमान्तीयका पहिचान तथा अस्तित्व एवम् अधिकारलाई कुण्ठित गर्नु रहेको हुन्छ ।

सीमान्तीयताको प्रारम्भिक अर्थदेखि यसले समेट्ने जातीय, वर्गीय, लैङ्गिक, क्षेत्रीय आदि अर्थहरूलाई समेत समेट्दै र सीमान्तीयको व्यापकताबारे चर्चा गर्दै पुलामी (२०११) लेख्छन् - "सबाल्टर्न शब्द सेनाको शब्दावलीबाट लिइएको पाइन्छ, जसले सेनाको अत्यन्त तल्लो वर्गमा पर्ने सानो कमिसन अधिकारीलाई बुझाउँथ्यो । ग्राम्सीले 'सबाल्टर्न' शब्दको अर्थ 'प्रोलेटरियट' - को पर्यायवाची  तथा त्यसको साटोमा प्रयोग गरे । ग्राम्सीका अनुसार समाजको निमुखा, निर्धन र आर्थिक रूपमा शोषित मात्र नभएर सांस्कृतिक र कतिपय सामाजिक हक र हितबाट उपान्तमा ठेलिएका सामाजिक समुदायलाई नै

सबाल्टर्नको अर्थमा बुझाएको पाइन्छ । सबाल्टर्नको अवधारणाले वास्तवमा समाजको र देशको इतिहासका पानाहरूबाट सदैव ओझेलमा पारिएको, किनारीकृत गरिएको सामाजिक समुदायहरू, कृषकहरू, अशिक्षितहरू, तल्लो जातका ठहराएकाहरू, ग्रामीण महिलाहरू आदिलाई नै बुझाएको पाइन्छ (पुलामी २०११) ।" अहिले वर्गीय रूपमा मात्र होइन जाति, लिङ्ग, यौनिकता, प्रजातीयता वा धर्मका कारणले निम्न तह र स्थानमा रहेको जुनसुकै व्यक्ति र समुदायलाई जनाउन यो शब्द उपयोग गर्ने गरिएको छ । सामाजिक, राजनीतिक र भौगोलिक रूपले प्रभुत्ववादी शक्ति संरचनाभन्दा बाहिर परेको व्यक्ति वा समूहलाई सङ्केत गर्न समेत यसको प्रयोग हुने गरेको छ (चापागाईं २०६९) । लैङ्गिक आधारमा पनि नारीहरूलाई सीमान्तीय बनाइएको पाइन्छ । नेपाललगायत विश्वभरका नारीहरूले नारी भएकै कारणले मात्र पनि लैङ्गिक पीडाको सामना गर्नुपरेका अनेक घटनाहरू छन् ।

लैङ्गिक सीमान्तीकृतको इतिहास जातीय र वर्गीयभन्दा पनि बढी कारुणिक देखिन्छ । नारी भएकै कारण अकाल मृत्यु वरण गर्नुपर्ने सती प्रथाजस्ता कठोर अमानवीय घटनाहरू पनि समाजमा नैतिक तथा सांस्कृतिक मान्यताका रूपमा स्थापित भए । सती प्रथा र सीमान्तीयताका सम्बन्धमा चर्चा गर्ने क्रममा गायत्री स्पिभाकलाई उद्धृत गर्दै सञ्जीव उप्रेती (२०६८) ले लेखेका छन्- "सतीहरूको मनोभावना र विचारलाई सती जाने नारीहरू आफैँले प्रतिनिधित्व गर्न सकेका छैनन् । वर्गीय तथा जातीय सबाल्टर्नहरू झैँ सतीहरू पनि सधैँ मौन र चुपचाप छन् (उप्रेती २०६८) ।" जसरी वर्गीय र जातीय सीमान्तीकृतहरू आफूमाथि भएका सबै प्रकारका ज्यादतीहरूमा मौन वा चुपचाप रहन्छन् त्यसरी नै नारीहरू पनि मौन बस्न विवश बनेका ऐतिहासिक सन्दर्भहरू रहे पनि समकालीन समयमा सबै प्रकारका सीमान्तीयहरू सशक्ततापूर्वक मूलप्रवाहीकरणमा अग्रसर भइरहेका छन् भने लेखक, विश्लेषक, सर्जक, बुद्धिजीवी सबैले सीमान्तीय व्यक्ति, वर्ग तथा समुदायको सशक्तीकरणका लागि विशेष भूमिका खेल्दै आइरहेका छन् । त्यही कारणले स्रष्टाहरूको विशेष योगदान बढ्दै गइरहेको छ ।

## सशक्तीकरण

जन्मजात वा प्रकृतिप्रदत्त लुकेर रहेका शक्तिलाई प्रस्फुटन र विकास गराउने कार्यलाई सशक्तीकरण भनिन्छ । शक्ति भन्नाले व्यक्तिमा हुने क्षमता भन्ने बुझिन्छ र शक्ति प्रत्येक व्यक्तिभित्र अन्तर्निहित हुन्छ । शक्ति सबै व्यक्तिमा एकै किसिमको हुँदैन वा केही शक्ति जैविक खालका हुन्छन् त कुनै शक्ति अर्जित किसिमका हुन्छन् । विभिन्न भौतिक, मानवीय, आर्थिक, बौद्धिक, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक स्रोतहरूलाई व्यवस्थित तथा नियन्त्रण गर्न सक्ने दक्षतालाई पनि शक्ति भन्न सकिन्छ । वंशानुगत तथा वातावरणबाट विभिन्न व्यक्तिमा विभिन्न शक्तिसम्पन्न गुणहरू रहेका हुन्छन् त्यस्ता व्यक्तिलाई शक्तिशाली बनाउनु नै सशक्तीकरण हो । विविध वातावरणीय समस्या या अवरोधका कारण नियन्त्रित अवस्थामा रहेका शक्तिलाई उजागर गराउने कार्यलाई सशक्तीकरण भनिन्छ । यस्तो

कार्य सामाजिक तथा मनोवैज्ञानिक किसिमले सम्पन्न गर्न सकिन्छ । सूचना, सञ्चार तथा साहित्यका माध्यमबाट सुसूचित गर्दै सशक्तीकरण गर्न सकिन्छ । सामाजिक तथा सांस्कृतिक संरचनाका आधारमा सिर्जना गरिएका असमान शक्ति सम्बन्धलाई समान शक्ति सम्बन्धमा रूपान्तरण गर्नु पनि सशक्तीकरण हो । सशक्तीकरणमा दमन, शोषण वा अधीनताका कारणबाट पछाडि पारिएका व्यक्तिहरूलाई मूल प्रवाहमा ल्याउने काम गरिन्छ । गरिबीका कारणले नाजुक जीवनस्तर भएकालाई आर्थिक रूपमा बलियो बनाई उनीहरूको स्तर उकास्नु, सामाजिक परिदृश्यमा ओझेल परेका व्यक्तिहरूलाई सामाजिक प्रतिष्ठासहित अगाडि बढाउने कार्य सशक्तीकरण हो ।

सशक्तीकरणले आम्दानी प्राप्त गर्ने क्षमता वृद्धिमा जोड दिन्छ (अर्याल २०६८) । उनले आर्थिक पक्षमा सबलीकरण गर्नुलाई सशक्तीकरण ठहर्‍याएका छन् । समाजिक, आर्थिक र राजनीतिक क्रियाकलापमा पछि परेकालाई अगाडि ल्याउने प्रक्रिया हो सशक्तीकरण (सुवेदी २०५९) । सामाजिक, सांस्कृतिक रूपमा दबाइएका तथा शोषित व्यक्तिहरूलाई क्षमतावान् बनाई अवसर र अधिकार प्राप्त गर्न सक्ने बनाउनु सशक्तीकरणको अभीष्ट हो । सामाजिक संरचना तथा दमनका कारणबाट शक्तिहीन बनेकाहरूलाई सशक्त तुल्याउनु सशक्तीकरण हो (लुइटेल २००८) । उपर्युक्त मान्यताबाट यो पुष्टि हुन्छ कि राज्य, समाज वा संस्थाबाट उपेक्षित बनाइएका व्यक्तिहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, साहित्यिक आदि विविध पक्षमा विशेष भूमिकासहित दक्ष र सक्षम तुल्याउन गरिने विशेष कार्यलाई सशक्तीकरण हो ।

समविकासमा सशक्तीकरणको उच्च महत्ता रहेको हुन्छ । जुन समाजमा जुन व्यक्ति वा समुदाय नियन्त्रित छ, त्यो नियन्त्रित समुदायलाई विशेष अवसर दिई सक्षम तुल्याउने कार्य पनि सशक्तीकरण नै हो । जातीय, धार्मिक, लैङ्गिक, वर्गीय, भौगोलिक आदि विविध आधारमा कुनै व्यक्ति वा समुदाय उपेक्षित, नियन्त्रित वा कमजोर रहेका हुने र त्यस्ता कमजोर व्यक्ति वा समुदायलाई सबल बनाउने कार्य नै सशक्तीकरणको मूल उद्देश्य हो । सशक्तीकरणलाई समानतामूलक समाज निर्माणको महत्त्वपूर्ण आधार र प्रक्रियाका रूपमा लिइन्छ । सशक्तीकरण गर्दा व्यक्ति तथा समुदायलाई समाजका गतिविधिहरूमा निर्णयमा सहभागी तुल्याउनु, नयाँ सम्भावनालाई प्रश्रय दिनु, सामाजिक गतिशीलता बढाउनु, सचेत र शिक्षित तुल्याउनु, अवसर दिनु, प्राथमिकता दिनु, आत्मबल बढाइदिनु, प्रोत्साहित गर्नु, प्रतिष्ठा र सम्मान दिनु, सङ्गठित तुल्याउनु, नेतृत्व दिनु, सिप र ज्ञान दिनु, भूमिकाहरूमा अग्राधिकार दिने, साहित्यमा विभिन्न पात्र तथा विचारका माध्यमबाट विशेष सन्देश दिने आदि कार्यहरू गर्न सकिन्छ । समाजमा पछाडि पारिएका वा नियन्त्रणमा परेका व्यक्तिलाई सक्षम तुल्याउनु, विशेष अग्राधिकारसहित सबल र सक्षम तुल्याउन, समता सिर्जना गर्नु, जैविक, सामाजिक तथा यौनिक रूपमा एकथरि व्यक्ति तथा संस्थाले अर्कोथरि व्यक्ति वा संस्थाहरूलाई सीमित र नियन्त्रण गरेको अवस्थामा ती सीमित र नियन्त्रित अवस्थामा

रहेका व्यक्ति वा संस्थाहरूलाई विशेष अवसर प्रदान गरेर सशक्त तुल्याई मूल धारमा ल्याउनु नै सशक्तीकरण हो । साथै सशक्तीकरण एउटा प्रक्रिया हो, यसले निर्णायक तह प्रक्रियाभन्दा बाहिर रहेकाहरूलाई उक्त प्रक्रियामा समावेश गर्नु तथा आर्थिक क्षेत्र, राजनीतिक संरचनाहरू र औपचारिक निर्णय प्रक्रियामा सहभागी गराउनु पनि सशक्तीकरण नै हो । सशक्तीकरण भनेको कुनै पनि अधिकार, अवसर तथा सामाजिक मूल्य मान्यताबाट वञ्चित गराइएकाहरूलाई विशेष अवसर र सहुलियतसहित उनीहरूको आत्मसम्मानमा वृद्धि गरी सम्पूर्ण स्रोत साधनमा पहुँच पुऱ्याएर अधिकार सम्पन्न बनाउने र सक्षम तुल्याउने कार्य हो ।

## नेपालमा सशक्तीकरणका प्रयास

नेपालको संविधानले व्यवस्था गरेअनुसारमा कानुनतः विशेष आरक्षण तथा अवसरको व्यवस्था भएबमोजिम व्यवहारतः लागु भइरहेको तर कतिपय सन्दर्भमा परम्परित समाजमा स्थापित मान्यता तथा संरचनाले अद्यापि उपेक्षा गरिरहेको वर्तमान स्थिति रहेको छ । नेपालको संविधानको धारा १८ मा समानताको हक, २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, २९ मा शोषण विरुद्धको हक, ३१ मा शिक्षासम्बन्धी हक, ३९ मा बालबालिकाको हक, ४० मा दलित, ४१ म ज्येष्ठ नागरिक र ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गर्नु सशक्तीकरणमा भएका कानुनी व्यवस्था हुन् । विशेष सिपमूलक तालिम, सुरक्षा भत्ता, पहुँचमा सहजता, कृषि तथा अन्य पक्षमा सहलियत ऋणको व्यवस्था, छात्रवृत्ति, रोजगारमा विशेष अवसर दिइनु सशक्तीकरणका सकारात्मक प्रयासहरू हुन् । नेपालमा विकसित सरकारी तथा गैरसरकारी गाउँपालिका तथा नगरपालिकामा अध्यक्ष या उपाध्यक्षमध्ये एक महिला अनिवार्य, वडामा दलित समुदायको अनिवार्य प्रतिनिधित्व, लोकसेवा, शिक्षकसेवा, विश्वविद्यालयसेवा आदि सबै क्षेत्रमा आरक्षणको व्यवस्था आदि पनि सशक्तीकरणका सबल नमुना हुन् । त्यस्तै, विभिन्न गैरसरकारी संस्थाबाट सीमान्तीयका नाममा सञ्चालित सचेतनामूलक कार्यक्रम, तालिमको व्यवस्था, रोजगारी आदिको प्रबन्धले पनि सशक्तीकरणलाई जनाउँछन् । विशेष क्षमता भएका बालबालिकालाई तिनको अवस्थाअनुसारका शैक्षिक सामग्रीको व्यवस्था, स्तरानुकूल रोजगारको व्यवस्था तथा भाषा आयोगका माध्यमबाट नेपालका सम्पूर्ण भाषाको अवस्था अध्ययन, सङ्कटग्रस्त भाषाको खोजी, तिनको संरक्षणका लागि पहलकदमी लिनु पनि सशक्तीकरणका विशेष पक्ष हुन् । यी विविध व्यवस्थाको कारण परिवार तथा समाजको सीमान्तीय व्यक्तिप्रतिको धारणामा परिवर्तनसमेत आइरहेको छ ।

साहित्यमा सीमान्तीयको सशक्तीकरणका सन्दर्भमा उत्तरआधुनिकतावादले विशेष प्रश्रय दिएको छ । उत्तरआधुनिकतामा सबाल्टर्न शब्दको अधिक प्रयोग भइरहेको देखिन्छ । उत्तरआधनिकताभन्दा अगाडि मार्क्सवादी मान्यताले आर्थिक सीमान्तीय वर्गको उत्थानमा जोड दिएको थियो । सबाल्टर्न शब्दले हेपिएका, अधीनमा पारिएका, कमजोर, सीमान्तीय

आदिको प्रतिविम्बन गर्ने गर्दछ । सबाल्टर्नन स्टडिजले नै सीमान्तीयको सशक्तीकरणमा भूमिका खेलिरहेको छ । उत्तरआधुनिक विचारले 'सत्य' एकात्मक नभएर बहुल तथा सार्विक नभएर स्थानिक हुन्छन् भन्ने मान्यतालाई समर्थन गर्दै बहुसांस्कृतिक, बहुभाषी तथा बहुजातीय समाज निर्माण निम्ति महत्त्वपूर्ण योगदान दिएको छ (उप्रेती २०६८) । उत्तरआधुनिकतावादी साहित्यले लेखकलाई रूप र अभिव्यक्तिमा उच्चतम स्वतन्त्रता दिन्छ (एटम २०७४) । उत्तरआधुनिकवादका प्रमुख प्रवत्तिहरू हुन् : (१) परम्पराको विरोध, (२) नयाँ प्रयोग र (३) लेखनमा निर्वाध स्वतन्त्रता (भट्टराई २०६१) । परम्परित व्यक्ति, वस्तुस्थिति वा तथ्यलाई केन्द्र स्वीकार नगरी नयाँ केन्द्रको खोजी गर्नु उत्तरआधुनिक साहित्यको विशेषता हुन् । जिजीविषाका खोजीमा विसङ्गत जीवन बाँच्न आजको मान्छे बाध्य बनेको अवस्थालाई उत्तरआधुनिक साहित्यले आफ्नो विषय बनाएको छ । आधुनिककालीन मूल्य मान्यता र केन्द्रहरू दिनप्रतिदिन ध्वस्त भइरहेको वर्तमान परिप्रेक्ष्यमा र तिनका ठाउँमा नव स्थापना गर्न उत्तरआधुनिकता बढी केन्द्रित छ । नेपाली साहित्यमा पनि उत्तरआधुनिकताको सघन प्रयोग भएको देखिन्छ । उत्तरवर्ती समयका नेपाली कवितामा उत्तरआधुनिकताका मूल्यहरू सशक्त किसिमले उठान भएका छन् । ती कवितामा सीमान्तीयका पीडा, समस्या तथा विभेदलाई उठान गरिएको छ । समस्या उद्घाटन मात्र गरिएको छैन कि सीमान्तीयलाई सशक्तीकरण गर्नुपर्ने सशक्त विचार पनि अभिव्यक्त गरिएको छ ।

## नेपाली कवितामा सीमान्तीयको सशक्तीकरण

प्रत्येक समाजमा लैङ्गिक, भाषिक, सांस्कृतिक, भौगोलिक, जातीय, वर्गीय आदि विविध पक्षमा छोपिएका वा नेपथ्यमा रहेका व्यक्ति तथा वर्गहरू रहेकै हुन्छन् । नेपाली समाजका मूल प्रवाहबाट पछाडि पारिएका वा परिचय पाउन नसकेका समुदायहरू प्रशस्तै छन् । थिचिएका छन्, चिमोटिएका छन्, हेपिएका छन् तर सतहमा आउन सकेका छैनन् । समाजको स्थापित संरचनाले विभिन्न वर्ग तथा समुदायलाई परिचयबिना नै किनारामा छोडेको छ । यस्ता समुदायको परिचय दिँदै अग्रभूमिमा ल्याउन नेपाली कविहरूले विचार प्रकट गरेका छन् । तिनको अस्तित्वका लागि कलम चलाएका छन् । तिनका आवाज मुखरित बनेका छन् । उत्तरआधुनिकतावादी मान्यताले पनि यस्ता नेपथ्यमा रहेका समुदाय वा वर्गका लागि केन्द्रभङ्गको विचार अगाडि सारेको छ । नेपाली कवितामा पनि यस्ता अनेक विचारहरूले प्राधान्य पाएका छन् । परिधीय बनाइएकालाई केन्द्र मान्नुपर्ने वा सीमान्तीयहरूलाई मूलप्रवाहीकरण गर्नुपर्ने मान्यता नै उत्तरआधुनिक चिन्तन भएकाले सोअनुसारका रचनाहरूले नेपाली कवितामा प्रविष्टि पाएका छन् ।

समकालीन कवि दामोदर पुडासैनी *रङ्ग अवशेष* कवितामा नेपालका अन्य क्षेत्रका तुलनामा मधेस क्षेत्रमा सामाजिक, वर्गीय, जातीय विभेदका पीडाहरू बढी रहेको जनाउँछन् । उनले उक्त समाजका विभेद तथा समस्याका विविधतालाई आफ्ना कवितामा उठान गरेका छन् । कविले मधेसी जनताका मनभित्र उकुसमुकुस भावहरू कायमै रहेका छन्, त्यहाँका

जनतालाई जीविकोपार्जनका लागि न्यूनतम सुविधाहरू पनि नभएको र मानव जीवनका सामान्य अनुभूत पनि हुन नसकेका सन्दर्भ प्रस्तुत गरेका छन् । समग्र मधेसले सुख र खुसीको पूर्ण स्वरूप त के त्यसको सानो अंश पनि नपाएको जनाउँदै त्यसको अनुभूति गराउन सक्नुपर्ने आग्रह गरिएको छ । मधेस सधैँ विकास तथा सुविधाका हिसाबले उपेक्षामा परिरहेको, हेपिएको र सीमान्तीय बनाएइकाले मधेसी समुदायलाई विशेष महत्त्व दिनुपर्ने विचारसहित अग्रभूमीकरण गरिएको पाइन्छ ।

विभेदका थुम्काहरू बग्रेल्ती छन् मधेसमा
उम्रँदै गरेका बालीमा
दन्दनी आगो सल्काइन्छ
बेलाबेलामा मधेसमा
मनभित्रका फोहोरका लाप्साहरू निखार्न भने
रङहरूको जुलुस निस्किरहन्छ मधेसमा
नयाँ रङहरू फैलाउनु
बिदा गर्नु हो पुरानो ढङ्ग
होली र फागुको ब्याडबाट झिकेर
मुस्कानका बिरुवा खोज्दै छ मधेस
मनभरिको उकुसमुकुस
आकारविहीन छ अझैसम्म ।
(पुडासैनी २०७५, पृ. ८४)

त्यस्तै, समकालीन कवि दीपशिखा *पुन्टे कामी* कवितामार्फत नेपाली समाजले दलित भनेर उपेक्षा गर्दै सीमान्तीय बनाएका श्रमिक समुदायको श्रम लिने, तिनको श्रम, पसिना र सिपबाट बनेका सामान चोखो मानिने, उनीहरूले बनाएका मूर्तिलाई भगवान्का रूपमा पूजा गरिने भए पनि मानिसलाई सधैँ हेला र उपेक्षा गरिने व्यवहारप्रति तिखो व्यङ्ग्य गर्दछन् । उनले आफ्ना कवितामा ती उपेक्षित समुदाय र तिनको श्रमको सम्मान गर्नुपर्ने आवश्यकता औँल्याएइएको दलित वा अछुत भनिएका सीमान्तीय व्यक्ति तथा समुदायप्रति विशेष महत्त्व दिँदै अग्रभूमीकरण गरेका छन् । दलित भनिएका श्रमिकको पसिनाको पाइनबाट बनेको कुँडे, पन्युँ, थाली एवम् मूर्ति छुत मात्र होइन सबैभन्दा सम्मानयोग्य वस्तुसमेत बने पनि त्यही कुँडे, पन्युँ, थाली एवम् मूर्ति बनाउने व्यक्ति अछुत हुनुपर्ने, तिरष्कृत हुनुपर्ने, मानवीय मूल्यबिना नै जीवन जिउनुपर्ने भन्दै व्यङ्ग्यात्मक प्रश्न पनि गर्दै कविले उपेक्षामा पारिएका व्यक्ति तथा समुदायको जीवनलाई प्राथमिकता दिई उच्च मूल्य दिनुपर्ने जनाएका छन् ।

अछुत भन्छन् मलाई मैले छोएको पानी चल्दैन रे

अद्‌भूत कहन्छन् आफूलाई मैले रोपेको विरुवा सर्दैन रे
मेरो पसिनाको पाइनमा उनको दुधको कुँडे बन्छ
मेरो थुकको ओसमा उनको पन्युँ रसाउँछ
मेरो सिपको थालीमा उनको भगवान् गुन्गुनाउँछ ।
(दीपशिखा २०६३, पृ. २८)

त्यस्तै, उत्तरवर्ती समयका कवि मुक्तान थेबाद्वारा *मानसिङलाई सम्बोधन* शीर्षकको कवितामा आफ्नो स्वार्थ पूरा गर्नका लागि उपभोग गर्ने तर आफ्ना विविध स्वार्थ पूरा गरेपछि अछुत नै ठान्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । कवितामा नेपाली समाजका छुत ठानिएका व्यक्तिहरूले अछुत भनिएका व्यक्तिलाई विभिन्न पक्ष जस्तै, राजनीति, यौन, श्रम आदिमा उपयोग गरे तापनि स्वार्थसिद्धिपश्चात् अछुत नै भनिरहनेका विरुद्ध आवाज उठाइएको छ । उनका कवितामा समाजमा धोका दिने प्रवृत्तिप्रति आक्रोश व्यक्त गर्दै श्रम र यौनमा छुत मानिएजस्तै सामाजिक व्यवहारमा पनि छुत नै मान्नुपर्ने विचारसहित सीमान्तीयताको अग्रभूमीकरण गरिएको छ ।

हजारौँ हजार वर्षदेखि
साँध बाँधेर
मान्छे हुनबाट रोकिराखेको
हामी अछुतको दैलोमा
एकाएक त्यसरी
कोही बास माग्न आउलान् र
हामीलाई छुत हुन देलान् भन्ने
मलाई त लागेकै थिएन ।
(मुक्तान २०७५, पृ. ९१)

यसै समयकी कवि गौरी दाहालले *हो हामी पानी हौं* कवितामा लैङ्गिक विभेदबाट आक्रान्त नेपाली समाजको उद्‌घाटन गरेकी छन् । विभेदको चपेटामा नारीहरू आगो बनेर आफ्नो अस्तित्व स्थापनाका लागि लाग्नुपर्ने भन्दै उपेक्षामा पारिएका नारीहरूलाई सशक्त बन्न आग्रह गर्दै सशक्तीकरणतर्फ सङ्केत गरिएको छ । नारीलाई तलतल बग्न वा कमजोर पार्न उद्दत पितृसत्तात्मक मानसिकताका विरुद्ध लाग्न आवश्यक रहेको जनाउँदै नारीलाई अग्रभूमीकरण गरिएको छ । नेपाली समाजले परम्परादेखि नै निरन्तर उपेक्षा र सीमान्तीय बनाएका नारीलाई सशक्त र जुझारु बनाउनुपर्ने आह्वान गरिएको छ ।

तर पानीबाट आगो बल्ने युगमा पनि
पानी पानी मात्र हो भनेर
परिभाषित गर्नेहरूको बेवास्ता गर्दै

आगो बन्नमै केन्द्रित हुनुपर्छ पानीहरू
अब आफैँ आगो बनेर
जलाउनुपर्छ
नारीलाई तलतल बग्न सिकाउने
पैतृक उपदेशहरू
(दाहाल, २०६८, पृ. १९)

त्यसैगरी कवि अनिल श्रेष्ठले *एउटी वादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर* कवितामा नेपालमा उपेक्षामा परिरहेका वादी समुदायका महिलाहरूप्रति विशेष संवेदनशील हुन आग्रह गर्दै तिनलाई अग्रभूमिमा ल्याएका छन् । सशक्त विचारसहित सिर्जना गरिएको उपर्युक्त शीर्षकको कवितामा वादी समुदाय नेपाली समाज तथा शासकीय सत्ताबाट सधैं सीमान्तीय बनेको जनाइएको छ । त्यस समुदायको बाध्यतापूर्ण जीवनको उद्घाटन गर्दै तिनीहरू आफ्नो अस्तित्व र पहिचानका लागि सक्रिय बनेको जनाउँदै त्यसतर्फ सबैको ध्यान केन्द्रित गरेका छन् । वादी महिला आर्थिक दुरवस्थाका कारण वेश्यावृत्तिका लागि बाध्य भएको सन्दर्भको उद्घाटन गर्दै कविले उक्त जातिको उत्थानका निम्तिसमेत आग्रह गरेका छन् । उत्तरआधुनिकवादी मान्यताले सीमान्तीय व्यक्ति तथा समुदायका वास्तविकता उद्घाटन गर्दै तिनलाई विशेष महत्त्व दिन्छ । सोही मान्यतालाई अङ्गीकार गर्दै उत्तरवर्ती नेपाली कवितामा पनि सीमान्तीय पक्षलाई प्राधान्य दिइएको छ ।

यतिखेर फेरि
एक हुल वादी आइमाईका अर्धनग्न स्तनहरू
मेरा आँखाअघि आएर उभिएका छन्
र, यो मुलुकका लागि
आफूले गर्भाधान गर्न पाउनुपर्ने
माग गरिरहेका छन् ।
(श्रेष्ठ २०७३, पृ. ६३)

उत्तरवर्ती कवि निभा शाहले *सखिया नाच* कवितामा नेपालको तराई क्षेत्रका आदिवासी थारु जातिलाई उनकै सम्पत्तिबाट अलग गर्दै शोषण गरिरहेको परम्परित सामन्ती मानसिकता भएका व्यक्तिले थारुको विद्रोह देखेको सङ्केतसहित थारुको पहिचान तथा मूल्यको खोजी गरेकी छन् । थारुले आफ्नो अस्तित्व र अधिकारका लागि गरेको विद्रोही स्वरलाई बाघको संज्ञा दिइएको छ भने थारुलाई शोषण गर्नेहरूलाई बिरालो र दमित थारुलाई मुसाका रूपमा अर्थ्याउँदै दबिएका थारुहरू सशक्त बन्न सक्नुपर्ने भावसमेत अभिव्यक्त छ । नेपालको तराई क्षेत्रमा सीमान्तीय बनाइएका थारु जातिलाई अग्रीकृत गर्दै कवि भन्दछन् :

सधैँ थारुको जमिनमा
थारुलाई मुसा देख्ने
बिरालोले
यो पल्ट
थारुलाई
बाघ भएको देख्यो ।
(शाह, २०७२, पृ. ७३)

त्यस्तै, कवि विमला तुम्खेवाले *इतिहासको पुनर्लेखन* कवितामा नेपालका आदिवासी तथा भूमिपुत्रहरू नै आफ्नै देशमा सुकुम्बासी र शरणार्थी बनेको कारुणिक चित्र प्रस्तुत गरेकी छन् । कविले आफ्नो स्वामित्वमा रहेको र आफैंले संरक्षण वा रक्षा गरेको सम्पत्तिबाट विमुख बनाइएका, दास बनाइएका समुदायको पहिचान तथा संरक्षण गर्नुपर्ने जनाएकी छन् । नेपाली माटोमा आफ्नो पहिचान गुमाएका भन्नाले नेपाली समाज, संस्कृति, प्रशासन, राजनीति आदि पक्षले किनारीकरण गरेका वा नचिनेका व्यक्ति एवम् समुदायलाई जनाउँदै कविले तिनको स्वत्व एवम् परिचयलाई प्राधान्य दिन अपिल गरेका छन् । कवितामा सीमान्तीय वर्ग वा समुदायको अग्रभूमीकरणमा जोड दिएका छन् । त्यस्ता आफ्नै देशमा शरणार्थी बनेका मानिसलाई अग्रभूमीकरण गर्नुपर्ने जनाइएको छ ।

आज म भन्छु
माटो, जङ्गल, पराजय, धोका र लुटिनुको कथा
आफ्नै भूमिमा शरणार्थी भएर बाँच्नुपरेको कथा
आफ्नै देशमा उपेक्षित भएर बाँच्नुपर्दाको कथा
आफ्नो थातथलो छोड्नुपर्दाको पीडा
सम्झिँदा मात्र पनि छाती भालाले रोपेजस्तै बिझाउँछ
कसरी भएँ म मैले नै भोगिरहेको यो भूमिमा दास ?
(तुम्खेवा २०७५, पृ. ७२)

समकालीन कवि मनप्रसाद सुब्बाले *थोप्लो अर्थात् डट* शीर्षकको कवितामा थोप्लो वा निम्छरो वा सानो वस्तु, व्यक्ति भनेर उसको अस्तित्वलाई उपेक्षा गर्न नहुने र भूमिका विशेषमा सबैको उच्च महत्ता हुने र महत्त्व दिनुपर्ने जनाएका छन् । सानो थोप्लोलाई कमजोर ठान्नु हुँदैन भन्दै त्यो अणुपुञ्ज सबैभन्दा बढी शक्तिशाली हुने विचार प्रकट गर्दै प्रत्येक अणुका रूपमा रहेका प्रत्येक व्यक्तिमा शक्ति हुने र त्यो शक्ति समयअनुसार प्रदर्शन हुने भन्दै कविले प्रतीकात्मक ढङ्गबाट सबैको शक्ति तथा सामर्थ्यलाई चिन्न सक्नुपर्ने जनाएका छन् । आगाको फिलिङ्गो अत्यन्त सानो हुन्छ तर त्यसले अनुकूलता पाएमा परिवेश तथा अवस्थालाई अत्यन्त भयावह बनाउँदछ । त्यस्तै थोरै सङ्ख्यामा रहेका कुनै जाति, धर्म, वर्ण वा लिङ्गका व्यक्ति एवम् समुदाय र तिनका विचारलाई कम आँक्न

नुहने मत प्रकट गरिएको पाइन्छ नेपाली कवितामा । हो, उत्तरआधुनिकताको एउटा सबल विशेषता पनि यही नै हो कि अल्पसङ्ख्यक व्यक्ति वा समुदायलाई विशेष महत्त्व दिनु अग्रभूमि प्रदान गर्नु । कविले प्रतीकात्मक ढङ्गबाट उक्त विषयलाई प्रस्तुत गर्दै थोप्लाका रूपमा रहेका व्यक्तिलाई विशेष शक्तिशाली र महत्त्वपूर्ण ठान्दै तिनलाई विशेष मान्नु नै सीमान्तीयताको अग्रभूमीकरण गरेका छन् ।

नाथु थोप्लो त हो भनेर
हेप्नु पटक्कै हुँदैन
थोप्लो भनेको अणुपुञ्ज हो
आणविक शक्तिसम्पन्न ।
(सुब्बा २०७०, पृ. ७७)

अर्का कवि राजु स्याङताङले *आरन र डम्फु* कवितामा सियो उपयोग गरी जीवन धान्ने श्रमिकहरूले अमानवीय व्यवहार भोग्दा पराकाष्ठामा पुग्दै गर्दा सियो भन तिखारिए जस्तै पीडा तथा समस्याका कारण उक्त व्यक्तिहरू विद्रोही र सचेत बनिसकेका छन् भन्ने आशय व्यक्त गरेका छन् । समाजमा हेपिएर बस्ने होइन सशक्त बनेर आफूलाई सचेत र बलियो बनाएर आफ्ना अधिकार तथा भूमिका लिनका लागि सङ्गीन जस्तै बन्नुपर्ने जनाउँदै त्यस्ता सीमान्तीय वर्ग र व्यक्तिलाई सचेततापूर्वक अग्रभूमिकृत हुन आह्वान गरिएको छ । धारिलो सङ्गीन लत्रन नहुने भन्दै त्यस्ता सङ्गीन बनिसकेका श्रमिकहरू नै अग्रपङ्क्तिमा रहेको र रहनसक्ने भन्दै कविले सीमान्तीयको अग्रभूमीकरण गरेका छन् ।

जिन्दगीलाई सियोको टुप्पामा उनेर
अमानवीयताको धारसँग खेल्दा खेल्दै
सियोभन्दा तिखो भइसकेको
तिमी धारिलो सङ्गीन हौ
मैले सङ्गीन लत्रेको
आजसम्म देखेको छैन
(उन्मुक्त पुस्ता २०७३, पृ. ७९)

समकालीन कवि सुरेश हाचेकाली *जमुवावालीको मट्टीगीत* कवितामा नेपाली समाजले दलित वा अछुत भनेर विभेद गरेका श्रमिकहरूको श्रम शोषण गर्दै तिनीहरूले सिर्जना गरेका सामग्रीलाई चोख्याएको भ्रममा छुत भनिएका व्यक्ति तथा मालिकहरूका श्रद्धाका स्थान जस्तै, भान्साघर, पूजाकोठा र देवीथानमा  राखिने तर ती श्रमिकलाई सदैव उपेक्षा र विभेद गरिएको व्यवहारप्रति व्यङ्ग्य प्रस्तुत गर्छन् । शासक तथा मालिकहरूको अन्त्येष्टिमा पनि ती उपेक्षामा परेका व्यक्तिबाट नै सहयोग लिइने भए पनि मानवीय संवेदना नै गुमाएर मानिसले मानिसलाई विभेद गर्न नहुने भन्दै कविले अछुत बनाइका व्यक्तिलाई

मूल प्रवाहमा ल्याउन सक्नुपर्ने, तिनको श्रमबाट सिर्जित सामग्रीलाई स्वार्थपूर्वक उपयोग गर्ने मात्र होइन उक्त व्यक्तिलाई नै सम्मान दिनुपर्ने जनाएका छन् । त्यस्ता सीमान्तीय बनाइएका मानिसहरूलाई ससम्मान समाजको मूल धारमा पहिचान दिन सक्नुपर्ने जनाइएको छ ।

हामीबाट आगो किनेर
गिर्हस (मालिक) हरूको लास जलाइन्छ
हामीले बुनेका चोयाका भाँडाकुँडालाई
गङ्गाजलले चोख्याएर
भान्साघर, पूजाकोठा र देवीथान पुर्‍याइन्छ ।
(हाचेकाली २०७४, पृ. ७४)

समकालीन सशक्त कवि क्षेत्रप्रताप अधिकारीले *बुद्धैबुद्ध* कवितामा नेपाली समाजका व्याप्त विभेद, हिंसा तथा अन्यायका सन्दर्भ प्रस्तुत गर्दै जमिन्दारी प्रथामा शोषणमा परेका व्यक्ति, कमैयाका आर्थिक सामाजिक तथा यौनिक शोषण एवम् बादी समुदायले भोग्नु परेका अमानवीय पीडाहरूको उद्घाटन गर्दै सीमान्तीय समुदायको वास्तविक चित्र उतारेका छन् । उनले यही समाजमा एकथरि मानिसहरू सुख र हर्षमा आनन्दित छन् भने अर्काथरि मानिसहरू पीडामा छट्पटाइरहेका छन् भन्दै मानिसलाई दुःख र पीडामा पुर्‍याउने काम हाम्रै समाज र यहाँका मानिसहरूबाट नै भइरहेकाले त्यस्ता सीमान्तीय वर्ग एवम् समुदायका वास्तविक समस्या पहिल्याउन सक्नुपर्ने जनाएका छन् ।

बुद्धहरू रोइरहेछन्
बुद्धहरू हाँसिरहेछन्
जमिन्दार बुद्ध
र, कमैया कन्याको व्यथादेखि
बुद्धबहादुर बाबुसाहेब
र, बादी, बदिनीका कथासम्म
एउटै बुद्ध दीप्ति
(अधिकारी २०५७, पृ. ४२)

त्यस्तै, उत्तरवर्ती कवि सरस्वती प्रतीक्षाले *क* शीर्षकको कवितामा हेपिएका वा पछाडि पारिएका वा उपेक्षामा पारिएका व्यक्ति वा समुदायको पहिचान दिँदै तिनको अग्रभूमीकरण गरेकी छन् । 'क' बाट बन्ने शब्द कमैया, कमलरी, कङ्गाल, कँठिनी, कजिया, कमाराकमारी जस्ता शब्दमा नेपाली समाजले निर्धारण गरेका परम्परागत अर्थमा अब परिवर्तनको भएको जनाइएको छ । अब त्यस्ता अमानवीय र सीमान्तीय अर्थ बोकेका 'क'बाट बनेका शब्दमा हिलोमा फुल्ने कमल भन्ने अर्थ बोध गर्न सक्नुपर्ने जनाइएको छ ।

सुन्दर र आवश्यक ठान्ने मात्र होइन तिनको सामाजिक पहिचान अग्र स्थानमा हुनुपर्ने भन्दै कविद्वारा प्राधान्य दिई अग्रभूमीकरण गरिएको छ ।

'क' माने
कमैया / कमलरी / कङ्गाल
'क' माने
कँठिनी / कजिया / कमाराकमारी
अब
सबैले पढ्नुपर्ने 'क' भएको छु
तपाइँ जसरी बुझ्नुस् यसलाई
'क' माने कमल - हिलोमा फुल्ने कमल !
वा
'क' माने कमलबहादुर - हिलोमा फुल्ने कमलबहादुर !!
(प्रतीक्षा २०६९, पृ. १६-१७)

समकालीन अर्का कवि प्रथाले *सत्ताको अनुहार* शीर्षकको कवितामा समाजमा केही उच्च वर्ग तथा समुदायका मानिस शारीरिक, सामाजिक तथा मानसिक रूपमा अत्यन्त फोहोरी तथा दुर्गन्धित भए पनि आफूलाई छुत ठानिरहेका छन् तर शारीरिक, सामाजिक तथा मानसिक हिसाबले स्वस्थ, सफा तथा मानवीय सेवामा समर्पित नै अछुत ठहर्‍याइएका छन् भन्दै विभेदकारी समाजको चित्र उतारेका छन् । त्यस्ता अछुत ठहर्‍याइएका व्यक्ति तथा समुदायका श्रमको उच्च मूल्य रहेको जनाउँदै सबै सीमान्तीय बनाइएका व्यक्ति एवम् समुदायलाई पहिचान दिँदै अग्रभूमीकरण गनुपर्ने विचार व्यक्त गरिएको छ ।

आफू पीपको आहालमा डुबेको छ
तर पनि
किन होला सुनकली !
यो बाजे त-
सुकिलो पीरामा बसेर
उसकै सुरुवाल सिलाइरहेकी
मेरी आमालाई अछूत पो भन्छ !
(प्रथा २०७४, पृ. १८०)

यसरी उत्तरवर्ती नेपाली कविताहरूमा मानवीय संवेदना तथा विवेकसहित मानिसले मानिसलाई सहभाव तथा सहव्यवहार गर्न सक्नुपर्ने विचार व्यक्त गरिएको देखिन्छ। परम्परागत कुसंस्कार तथा अन्धविश्वासका कारण मानिसले मानिसलाई सीमान्तीय बनाइरहेको र श्रमको चरण शोषण गरेको जनाउँदै त्यस्ता श्रमजीवी वर्गलाई विशेष सम्मान दिनुपर्ने भाव प्रस्तुत गरिएको छ । नेपाली समाजले परम्परादेखि नै मूलतः जातीय तथा

लैङ्गिक आधारमा विभेद गरी सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक आदि क्षेत्रमा विभेद गर्दै पहुँचमा पुग्न नदिई सीमान्तीय बनाएको हुँदा त्यस्ता समुदायलाई मूल धारमा ल्याउन सक्नुपर्ने, विवेकसम्मत तवरबाट सहभाव व्यक्त गर्नुपर्ने र सबै क्षेत्रमा प्राधान्य दिनुपर्ने विचारसहित उत्तरवर्ती कवितामा सीमान्तीय वर्ग तथा समुदायको अग्रभूमीकरण गरिएको छ । समाजमा व्याप्त विभेद, अन्याय तथा उपेक्षाहरू मानवद्वारा सिर्जित भएकाले तिनको अन्त्य गर्दै समानतामूलक व्यवहार तथा सबै सन्तुलित पहुँचका लागि पनि मानव नै अग्रसर हुनुपर्ने तथा समाधान सहज एवम् स्वाभाविक भएको विचार पनि अभिव्यक्त भएको पाइन्छ । तसर्थ सीमान्तीय वर्ग तथा समुदायको अग्रभूमीकरणबाट समाजमा नयाँ सभ्यता एवम् संस्कार निर्माण गर्न सकिने विचार प्रकट गर्नमा उत्तरवर्ती नेपाली कविहरू सक्षम रहेको पाउन सकिन्छ । सीमान्तीय पक्षलाई अग्रभूमीकरण गर्नुपर्ने चेतना उत्तरआधुनिक चिन्तनको उपज पनि मान्न सकिन्छ ।

## निचोड

उत्तरवर्ती नेपाली कविताहरूमा मानवीय संवेदना तथा विवेकसहित मानिसले मानिसलाई सहभाव तथा सहव्यवहार गर्न सक्नुपर्ने विचार व्यक्त गरिएको छ । मानव सभ्यताको इतिहासमा लैङ्गिक, भाषिक, सांस्कृतिक, भौगोलिक, जातीय, वर्गीय आदि विविध पक्षमा छोपिएका वा नेपथ्यमा रहेका व्यक्ति तथा वर्गहरू रहे जस्तै नेपाली समाजमा पनि यस्ता सीमान्तीय समुदाय प्रशस्तै छन् । मूल प्रवाहबाट पछाडि पारिएका वा परिचय पाउन नसकेका समुदायहरूलाई परिचय दिँदै अग्रभूमिमा ल्याउन सक्नुपर्ने विचार उत्तरवर्ती नेपाली कविहरूले प्रकट गरेका छन् । नेपाली समाजले परम्परादेखि नै मूलतः जातीय तथा लैङ्गिक आधारमा विभेद गरी सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक आदि क्षेत्रमा विभेद गर्दै पहुँचमा पुग्न नदिई सीमान्तीय बनाएको हुँदा त्यस्ता समुदायलाई मूल धारमा ल्याउन सक्नुपर्ने, विवेकसम्मत तवरबाट सहभाव व्यक्त गर्नुपर्ने र सबै क्षेत्रमा प्राधान्य दिनुपर्ने विचारसहित उत्तरवर्ती नेपाली कवितामा सीमान्तीय वर्ग तथा समुदायको सशक्तीकरण गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, क्षेत्रप्रताप. (२०५७). *तर देश हारिरहेछ.* काठमाडौं, अक्षर प्रकाशन ।

अर्याल, भोजेन्द्र. (२०६८). *लैङ्गिक र महिलावादी अध्ययन.* काठमाडौं, ज्ञानकुञ्ज प्रकाशन ।

उन्मुक्त पुस्ता. (२०७३). *आफर.* ललितपुर : समता फाउन्डेसन ।

उप्रेती, सञ्जीव. (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौं, अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र. (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान ।

कोइराला, नरेन्द्र. (२०६८). *रमेश विकलका कथामा सीमान्तीयता.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. मानविकी तथा सामाजिकशास्त्र सङ्काय. त्रि. वि. कीर्तिपुर ।

खनाल, राजेन्द्र. (२०७५).*लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग.* काठमाडौं, सनलाइट पब्लिकेसन ।

चापागाईं, निनु. (२०६९) 'सबाल्टर्न अध्ययन : एक परिचय', *वेदना.* (वर्ष. ३९.अङ्क. २) पृ.२०-५० ।

तुम्खेवा, विमला. (२०७५). *हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे.* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

दाहाल, गौरी. (२०६८). *मुक्तिको क्यानभासमा.* ललितपुर : अखिल नेपाल लेखक सङ्घ ।

दीपशिखा. (२०७३). *संसार फेरि रचिने छ.* काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक सङ्घ ।

नेपाल सरकार. (२०७२). *नेपालको संविधान.* काठमाडौं : कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।

पुडासैनी, दामोदर. (२०७५). *सहरबिनाको सहर.* ललितपुर : साझा प्रकाशन ।

पुलामी, वासुदेव. (सन् २०११). 'किनाराका आवाजहरूभित्र सबाल्टर्नका स्वरहरू', *किनारा विमर्श.* (सम्पा. मनप्रसाद सुब्बा र रेमिका थापा). दार्जीलिङ. गामा प्रकाशन. पृ. ५१ - ६३ ।

प्रतीक्षा, सरस्वती. (२०६९). *बागी सारङ्गी.* काठमाडौं. साङ्ग्रिला पुस्तक प्रा.लि. ।

प्रथा (२०७४). *युद्धशिविरमा हिँडेको मान्छे.* काठमाडौं. काव्यशिविर ।

बस्नेत, बसन्त. (२०६९). 'सबाल्टर्नकी बाचाल स्पिभाक', *समयबोध र उत्तरआधुनिकता.* (ले.गोबिन्दराज भट्टराई). काठमाडौँ. ओरिएन्टल पब्लिकेसन. पृ २४८-२६० ।

भट्टराई, गोविन्दराज. (२०६१). *पश्चिमी बलेंसीका बाछिटा.* काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, गोविन्दराज. (२०६९). *समयबोध र उत्तरआधुनिकता.* काठमाडौं, ओरिएन्टल पब्लिकेसन ।

मुक्तान, थेबा. (२०७५). *अखण्ड आलाप.* काठमाडौं, साङ्ग्रिला पुस्तक प्रा.लि. ।

Maher, S. S. (2012). Refuees as the subaltern in the hungry tide. *The Criterion*: *An International Journal in English*, **lll**(lll).

लुइटेल, समिरा. (सन् २००८). *जेन्डर स्टडिज.* काठमाडौं, एकेडेमिक बुक सेन्टर ।

शर्मा, मोहनराज. (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान ।

शाह, निभा. (२०७२). *मनसरा.* काठमाडौं, सुशीला शाह ।

श्रेष्ठ, अनिल. (२०७३). *प्रतिनिधि कविता.* काठमाडौं, बुक्सेलर ।

श्रेष्ठ, तारालाल. (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ. डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम. र शर्मा, मोहनराज. (२०५६). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.* ललितपुर, साझा प्रकाशन ।

सुब्बा, मनप्रसाद. (सन् २००८). *किनाराका आवाजहरू.* दार्जीलिङ, श्याम ब्रदर्स प्रकाशन ।

सुब्बा, मनप्रसाद. (२०७०). *भुइँफुट्टा शब्दहरू.* काठमाडौं, साङ्ग्रिला बुक्स प्रा.लि.।

सुवेदी, प्रतिभा. (२०५९). *महिला पुरुष समविकासको आधार.* काठमाडौँ, नारी चेतना केन्द्र नेपाल ।

Smith, K. (2009). Gramsci at the margins: subjectivity and subalternity in a theory of hegemony, *International Gramsci Journal,* **1**(2): 39-50. Available at:https://ro.uow.edu.au/gramsci/vol1/iss2/7 Accessed: 28.04.2021.

हाचेकाली, सुरेश. (२०७४). *पृथ्वीको सवाई.* काठमाडौं, घनश्याम/नमिता पोखरेल ।